प्रदेश सरकार

लुम्बिनी प्रदेश

# सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

बुटवल, रुपन्देही


प.सं. - ०७७/७८

च.नं.-

मितिः २०७७/१२/३०

**विषय: उच्च शिक्षा छात्रवृत्ति सम्बन्धी सुचना ।**

प्रस्तुत विषयमा आ. व. २०७७।०७८ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस लुम्बिनि प्रदेश अन्तर्गतका क्याम्पसहरुमा स्नातक वा स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीका लागि देहाय बमोजिम छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकोले मिति २०७८ साल बैशाख ३० गते भित्र सम्बन्धित क्याम्पसहरुबाट आबश्यक छात्रवृत्ति प्राप्त गर्ने आधार प्रमाण खुल्ने कागजातहरुका सहित विद्यार्थीहरुको निवेदन माग गरी प्राप्त निवेदन र अन्य आबश्यक कागजात सहित के कुन प्रकारको छात्रवृत्ति प्राप्त गर्ने हो यकिन गरी रुजु एवं प्रमाणित गरी एक मुष्ट विवरण मिति २०७८ साल जेष्ठ ५ गते भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा आइपुग्ने गरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । एकमुष्ट विवरण प्राप्त भए पश्चात छात्रवृत्तिको वितरण प्रक्रिया उच्च शिक्षामा विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन निर्देशिका,२०७६ (दोस्रो संशोधन २०७७) समेत बमोजिम हुनेछ ।

<u>सामुदायिक क्याम्पसमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई उपलब्ध हुने छात्रवृत्ति विवरण</u>

(क) दलित विद्यार्थी छात्रवृत्ति

(ख) जनजाति विद्यार्थी छात्रवृत्ति

(ग) महिला विद्यार्थी छात्रवृत्ति

(घ) मुस्लिम विद्यार्थी छात्रवृत्ति

(ङ) द्वन्द पीडित विद्यार्थी छात्रवृत्ति

(च) सहिदका छोराछोरी छात्रवृत्ति

(छ) सीमान्तकृत विद्यार्थी छात्रवृत्ति

(ज) अल्पसङ्ख्यक विद्यार्थी छात्रवृत्ति

E-mail address: provinceedd5@gmail.com . Website: eddmos.p5.gov.np , Ph.No. 071- 445558 / 071-445560